म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २८७ बुधबार १७ जेठ २०८० ने. सं. ११४३ तछलाथ्व 31 May 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

मानो रोपौं, मुरी फलाऔं,
खेतीयोग्य जमिन बाँझो नछोडौं,
पसिना बगाऔं, समुन्नत बनौं,
आफू र देशलाई परनिर्भरताबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

आगामी आवको बजेट :

# २० वटा सरकारी कार्यालय खारेज, पाँचवटा पुनसंरचनामा जाने

साझाकुरा संवाददाता

हेटौंडा, १६ जेठ/सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत् विभिन्न २० वटा सरकारी बोर्ड, कार्यालय, समिति तथा एकाइलाई खारेज गर्ने, पाँचवटालाई पुनसंरचना गर्ने र एउटालाई स्थानीय तहमा हस्तान्तरण गर्ने भएको छ ।

सोमबार प्रस्तुत बजेट वक्तव्यअनुसार कपास विकास समिति, अतिरिक्त हुलाक कार्यालय, महिला तथा बालबालिका विभाग, नेपाल विश्वविद्यालय पूर्वाधार तयारी विकास समिति, विभिन्न मेडिकल कलेज पूर्वाधार विकास समिति, विभिन्न ताल संरक्षण विकास समितिलाई खारेज गरिने भएको छ ।



राष्ट्रिय दुग्ध विकास बोर्ड खारेज गरी सम्बन्धित मन्त्रालयबाट कार्यसम्पादन गरिने भएको छ भने फिलाटेलिक तथा टिकट व्यवस्थापन कार्यालय र केन्द्रीय धनादेश कार्यालय खारेज गरी हुलाक सेवा विभागबाट कार्य सम्पादन गरिनेछ । बूढीगण्डकी जलविद्युत् आयोजना, वातावरण, मुआब्जा वितरण, पुनर्वास तथा पुन:स्थापना एकाइ खारेज गरी बूढीगण्डकी जलविद्युत् कम्पनीबाट कार्यसम्पादन गरिने बजेटमा उल्लेख छ ।

बजेटमा सबै जिल्ला निर्वाचन कार्यालय खारेज गरी जिल्ला प्रशासन कार्यालयमा निर्वाचन एकाइ रहने व्यवस्था गरिएको छ भने तथ्याङ्क कार्यालय खारेज गरी स्थानीय तहबाट तथ्याङ्क संकलन गरिने र समन्वयका लागि प्रादेशिकस्तरमा कार्यालय स्थापना गरिने उल्लेख छ । सरकारले भूमिगत जलस्रोत विकास समिति र जलस्रोत अनुसन्धान तथा विकास केन्द्र खारेज गरी अनुसन्धानसम्बन्धी कार्य जल तथा ऊर्जा आयोगबाट र पूर्वाधार सम्बन्धी काम जलस्रोत तथा सिँचाइ विभागबाट गर्ने तयारी गरेको छ ।

रेल्वे बोर्ड खारेज गरी रेलवे बोर्डले गर्ने कार्य रेल विभागले गर्ने, कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र विकास समिति खारेज गरी स्वास्थ्य सेवा विभागको इपिडेमियोलोजी महाशाखाअन्तर्गत् सञ्चालन गरिने बजेटमा उल्लेख छ । त्यसैगरी राष्ट्रिय सूचना प्रविधि केन्द्र खारेज गरी यससम्बन्धी कार्य सूचना प्रविधि विभागले गर्ने, रेडियो नेपाल र नेपाल टेलिभिजन एक अर्कामा गाभी एकीकृत सार्वजनिक प्रसारण संस्था गठन गरिने जनाइएको छ ।

सरकारले इन्टरमोडेल यातायात विकास समिति खारेज गरी नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेडले सोसम्बन्धी काम गर्ने र पर्वतीय प्रशिक्षण विकास समिति खारेज गरी नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानमा गाभ्ने तयारी गरेको छ । विभिन्न कार्यालयलाई पुनसंरचना गर्ने सरकारको योनजा छ । सीमा नाका क्वारेन्टाइन कार्यालय, पशु क्वारेन्टाइन कार्यालय तथा खाद्य आयात निर्यात तथा गुणस्तर प्रमाणीकरण कार्यालयलाई गाभी एउटै कार्यालय बनाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहत सञ्चालनमा ल्याइने भएको छ ।

कृषि तथा पशुसम्बन्धी प्रयोगशाला, फार्म केन्द्र र स्रोत केन्द्रलाई प्रदेश तहमा हस्तान्तरण गर्ने, जिल्ला हुलाक कार्यालय र इलाका हुलाक कार्यालयलाई पुनसंरचना गरी एक स्थानीय तह एक हुलाक राखिने बजेटमा उल्लेख छ । विशेष आर्थिक क्षेत्र प्राधिकरण र औद्यागिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई गाभी एकीकृत संरचना बनाउने र मालपोत र नापी कार्यालय आवश्यकताअनुसार क्रमश: एकीकृत गरी एकद्वारबाट जग्गा प्रशासनसम्बन्धी सेवा उपलब्ध गराउने सरकारको तयारी छ ।

सरकारले आउँदो आर्थिक बर्षको लागि सोमबार जारी गरेको बजेटप्रति निजी क्षेत्र खुशी हुन सकेनन् । व्यवसायीले बजेटका केहीपक्ष सकारात्मक भए पनि लगानी प्रवर्द्धन गर्ने कुरामा आफूहरुले खाजेजस्तो र सोचजस्तो बजेट आउन नसकेको बताएका छन् । नेपाल उद्योग परिसंघका अध्यक्ष बिष्णु अग्रवालले आफूहरुले बजेटमार्फत लगानीलाई एकदमै प्रोत्साहन हुन्छ भन्ने सोचे पनि त्यस्तो हुन नसकेको बताए । उनले अहिलेको अर्थतन्त्रको जुन स्थिति छ, त्यसका लागि लगानी, लगानी, लगानी नै चाहिएको छ भन्दै तर त्यो कुरालाई प्रोत्साहन गर्ने खालको बजेट आउन नसकेको जस्ता आफूलाई लागेको बताए ।

बजेटमार्फत जलविद्युत आयोजनाहरुको पीपीए (विद्युत खरीद सम्झौता) खोलिन्छ कि भन्ने अपेक्षा रहे पनि त्यो हुन नसकेको अग्रवालले बताए । उनले आफूहरुले सुचनाप्रविधि पार्कको अवधारणा आउँछ कि भन्ने सोचेको, तर आउन नसकेको बताए । नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष राजेन्द्र मल्लले मुलुकको समग्र अर्थतन्त्र निराशापूर्ण रहेको बेला आशालाग्दो बजेट आउन नसकेको बताए । उनले अहिले राजश्व संकलनमा भारी गिरावट भइरहेको, आयात निर्यात बढ्न नसकेको, उद्योग व्यवसाय गर्न सक्ने अवस्था नरहेको अवस्थामा आशा जगाउने खालको बजेट आउन नसकेको बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले अहिलेको आर्थिक मन्दीलाई सम्बोधन गर्ने खालको बजेट आउन नसकेको बताए । मुलुक आर्थिक मन्दीको अवस्थातर्फ गइरहेकोले उद्योग व्यवसाय गर्ने वातावरण नहुँदा निजी क्षेत्र निराश बनेको अवस्थामा उनीहरुलाई उत्साहित बनाउने, उत्साह जगाउने खालका राहत सुविधा आउनुपर्ने थियो ।

बजेटले विकास र संवृद्धिका कुरा गरेको, उच्च लाभका उद्योगलाई प्रोत्साहन गर्ने, हरित लगानीलाई प्रोत्साहन गर्ने, अर्थतन्त्रलाई लयमा फर्काउने संकल्प गरे पनि त्यसका लागि केही नपुगे जस्तो देखिएको श्रेष्ठले बताए । उनले विकास आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन छिटो छरितो गर्ने, निजी क्षेत्रलाई विदेशीबाट ऋण लिन सहज गर्ने, नयाँ कम्पनी दर्ता गर्न र पुँजी वृद्धि गर्न शुल्क नलाग्ने, अनावश्यक सार्जजनिक संस्थाहरु खारेज गर्ने, नवप्रवर्द्धन र आविश्कारमा खर्च गर्ने, ढलान सडकहरु बनाउने, पर्यटक दशक मनाउने, वातावरणलाई असर नपर्नेगरी गिटी ढुंगा निर्यात गर्ने, एक करोड रुपैयाँसम्म कारोबार गर्नेले चौमासिक कर विवरण बुझाउने जस्ता केही कुरा बजेटका सकारात्मक पक्ष भएको बताए ।

# भारतीय संसद भवनको भित्ते नक्साको तीब्र बिरोध

साझाकुरा संवाददाता

हेटौंडा, १६ जेठ/भारतीय संसदको नयाँ भवनभित्र राखिएको 'अखण्ड भारत' को भित्ते नक्सामा नेपालको भू-भाग समेत समेटिएको विषयमा चर्को आवाज उठेको छ । नक्सामा नेपालको लुम्बिनी र कपिलवस्तु समेटिएकाले भारत सरकारसँग प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कुरा उठाउनुपर्ने सुझाव दिइएको छ ।

त्रिसत्य महाकाब्यका लेखक चेतप्रसाद पौडेलले भने- 'प्रधानमन्त्रीजी भोलि भारत भ्रमणमा जाँदै हुनुहुन्छ । उहाँले त्यो नक्सा हटाउनुस्, त्यो गल्ती सच्याउनुस् भनेर भारत सरकारसँग कुरा गर्नुपर्छ' । नेपालका बिभिन्न राजनीतिक दलका नेताहरुले पनि नेपालको भूभाग समेटिएको मुरल (भित्ते नक्सा) भारतको संसद भवनभित्र राखिनु आपत्तिजनक भएको बताएका छन् ।

पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले सामाजिक सञ्जालबाट विवादास्पद नक्साले छिमेकहरुबीच अनावश्यक र हानिकारक कुटनीतिक विवाद निम्त्याउन सक्ने उल्लेख गरेका छन् । 'यसले भारतका निकटतम छिमेकबीचको द्विपक्षीय सम्बन्धलाई बिगार्ने र अविश्वास बढाउने सम्भावना छ' भारत र नेपालका प्रधानमन्त्रीलाई मेन्सन गर्दै भट्टराईले लेखेका छन्, 'त्यसैले भारतीय नेतृत्वले यस नक्साको वास्तविक अभिप्रायलाई समयमै जानकारी दिनु बुद्धिमानी हुन्छ' ।

सरकारको नेतृत्व गरिरहेको दल, नेकपा माओवादी केन्द्रको संसदीय दलमा पनि यो विषय उठेको छ । मंगलबार बसेको बैठकमा सांसदहरु पूर्णबहादुर घर्ती, लेखनाथ दाहाल, माधव सापकोटा लगायतले यो विषय उठाएका छन् । तर, प्रधानमन्त्री प्रचण्डले त्यो नक्साको आधिकारिकता बुझ्ने जवाफ दिएर झारो टार्ने काम मात्र गरेका छन् । । नेपाली भूमि समेत समेटिएको अखण्ड भारत 'प्राचीन भारत'को नक्सा राखिएको नयाँ संसद भवनको उद्घाटन भारतीय प्रधानमन्त्री मोदीले आइतबार गरेका थिए ।

सन् १९२७ मा ब्रिटिस उपनिवेदशकालमा बनेको संसद भवनलाई संग्राहलयमा परिणत गरी बनाइएको नयाँ संसद भवन उद्घाटन भारतमै विवादित बनेको थियो । त्यहाँका विपक्षी दलहरुले संसद भवनको उद्घाटन राष्ट्रपतिबाट गरिनुपर्ने तर्क गरेका थिए । तर हिन्दू धार्मिक तामझामका साथ मोदीले संसद भवन उद्घाटन गरे । यसलाई विपक्षी दलहरुले संवैधानिक र संसदीय प्रणाली उल्लैन भनेका छन् ।

# तेश्रो मेयर कपमा हेटौंडा-१० को बिजयी सुरुवात

साझाकुरा संवाददाता

हेटौंडा, १६ जेठ/हेटौंडा-५ पिप्ले क्याम्पा रंगशालामा जारी तेश्रो मेयर कप फुटबल प्रतियोगितामा हेटौंडा-१० ले बिजयी सुरुवात गरेको छ । प्रतियोगिता अन्तरगत मंगलबार भएको प्रतिश्पर्धात्मक खेलमा हेटौंडा-६ लाई २-० गोल अन्तरले पाखा लगाउँदै हेटौंडा-१० ले बिजयी सुरुवात गरेको हो । निकै प्रतिष्पर्धात्मक खेलको पहिलो हाफ गोल रहित बराबरीमा रोकिएको थियो । सुरुवाती चरणबाटै राम्रो मौकाहरु गुमाएका दुवै टिमले पहिलो हाफमा अग्रता लिन सकेको थिएन ।




दोश्रो हाफमा अग्रता बनाउने प्रयत्न भएपनि १० नम्बरले खेलको ४१ औं मिनेटमा खेलमा अग्रता लिएको थियो । टिमलाई अग्रता दिलाउन १० नम्बरका प्रितम स्याङ्वोले गोल गरेका थिए । एक गोलले अग्रता लिएको १० नम्बरसँग बराबरी गर्दै खेलमा फर्कने प्रयास गरेको ६ नम्बरको प्रयत्न सफल हुन नपाउँदै खेलको ५१ औं मिनेटमा गोलअन्तर दोव्बर भएको थियो । टिमका लागि उनै स्याङवोले दुई गोलको अन्तर निकाल्दै टिमलाई बिजयी बनाए ।

प्रतियोगितामा राम्रा मुभहरु बनाएका हेटौंडा-६ का सुरज स्याङतान म्यान अफदी म्याच घोषित भए । उपमहानगरका १९ वडाको सहभागिता रहेको प्रतियोगितामा बिजेताले नगद २ लाख, उपबिजेता १ लाख ५० हजार, सन्तवना २ वटा टिमलाई ५०/५० हजार, सर्बोत्कृष्ठ खेलाडीलाई १५ र उत्कृष्ठ खेलाडीहरुलाई ५/५ हजार रुपैयाँ नगद सहित शिल्ड एवम् मेडल पुरस्कार रहेको आयोजकले जनाएको छ । प्रतियोगिता अन्तरगत बुधवार हेटौंडा-४ र १८ नम्बर वडाबीच खेल हुने आयोजकले जनाएको छ । हेटौंडा उपमहानगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा भएको प्रतियोगिता जेठ २७ गतेसम्म चल्नेछ ।

# सिद्धार्थ हरियाली वनका उपभोक्तालाई अभिमूखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, १६ जेठ/ राक्सिराङ गाउँपालिका वडा नं. ३ मा रहेको सिद्धार्थ हरियाली सामुदायिक वन उपभोक्ता समुहका उपभोक्तालाई अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको छ । राष्ट्रिय जनवकालत मञ्च नेपालको सहकार्यमा सामुदायिक वनले उपभोक्ताहरुका लागि एक दिने अभिमूखीकरण तथा अन्तरक्रिया गरेको हो ।



कार्यक्रममा सब डिभिजन वन कार्यालय राक्सिराङका प्रमुख दिनेश सत्यालले सामुदायिक वनको महत्व र उपभोक्ताको दायित्व बिषयमा सहजीकरण गरेका थिए । उनले वनको संरक्षण गर्ने र त्यसबाट लाभ लिने दुवै काम उपभोक्ताको भएको बताउँदै वन क्षेत्रमा कानूनले बर्जित गरेका कुनै पनि गतिविधि सञ्चालन नगर्न सचेत गराए ।

सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य चन्द्रप्रसाद थानीले वन समुहको दायित्व निकै फराकिलो रहेको बताए । वनसम्बन्धी कानून निकै जटिल र अप्ठ्यारो प्रकृतिको भएकाले पनि वन समुहलाई चुनौती रहेको र सचेत भएर अघि बढ्नुपर्ने उनको भनाई छ ।

उपभोक्ताको दायित्व, समितिको जिम्मेवारी र वन कार्यालयको भूमिकाबारे उनले चर्चा गरे । कार्यक्रममा सहभागी उपभोक्ताले काठ उपभोग, मानव तथा बन्यजन्तुबीचको द्वन्द्व र सामुदायिक वनबाट लिन सकिने सेवा सुविधाबारे जिज्ञासा राखेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि राक्सिराङ गाउँपालिका वडा नं. ३ का अध्यक्ष उत्तम वाइबाले सामुदायिक वनहरुले संरक्षण, विकास निर्माण र आयआर्जनसँग जोडिएर काम गर्नुपर्ने बताए । उनले स्थानीय वन ऐन निर्माण गरिने र वन व्यवस्थापनका सन्दर्भमा गम्भीर भएर काम गरिने प्रतिवद्धता ब्यक्त गरे ।

कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ राक्सिराङका अध्यक्ष सन्तोष थापा, विभिन्न टोल विकास संस्थाका अध्यक्ष, समाजसेवी, वन समुहका पदाधिकारीलगायतको उपस्थिति रहेको थियो । कार्यक्रम वन समुहका अध्यक्ष ज्ञानेन्द्र तामाङको अध्यक्षतामा भएको थियो । अध्यक्ष तामाङले वन संरक्षण, उपभोक्ताको माग र नीतिगत व्यवस्थापनको बिषयमा गम्भीर रुपमा काम गरिरहेको बताए ।

# विद्युतीय गाडीको कर पनि बढ्यो

साझाकुरा संवाददाता

हेटौंडा, १६ जेठ/सरकारले विद्युतीय गाडीमा कर फेरबदल गरेको छ । सोमबार सार्वजनिक भएको आर्थिक विधेयकमा करका दर परिवर्तन भएको हो । अर्थमन्त्री डा. प्रकाशशरण महतले ईभीको करमा फेरवदल गर्दै नयाँ करका दर निर्धारण गरेका हुन् । पहिलो पटक ५० किलोवाटसम्मको नयाँ शीर्षक थप गरेर कर लगाएका छन् । यसअघि १० प्रतिशत कर लगाउँदै आएको १०० किलोवाटसम्मका गाडीमा १५ भन्सार र १० प्रतिशत अन्त:शुल्क थप भएको छ । अहिले १० अन्त:शुल्क थपिएको हो भने, ५ प्रतिशत भन्सार वृद्धि भएको हो ।

यसअघि ३० प्रतिशत अन्त:शुल्क र ३० प्रतिशत भन्सार लाग्दै आएको १०० देखि २०० किलोवाटका गाडीमा २०-२० प्रतिशत अन्त:शुल्क र भन्सार लगाइएको छ । त्यसैगरी २०० देखि ३०० किलोवाटका गाडीमा ४५ प्रतिशत अन्त:शुल्क र ४० प्रतिशत भन्सार लगाइएको छ । त्योभन्दा माथिका मोटरमा कर बढाइएको छैन । अहिले १०० देखि २०० किलोवाट र २०० देखि ३०० किलोवाटमा केही कर घटेको छ भने १०० किलोवाटमा बढेको हो ।

कर्मचारी आवश्यकता

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि लेखापाल आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

तलब: आपसी समझदारीमा निर्धारण गरिनेछ ।

सक्षम औषधी पसल/अग्रिम औषधी पसल
मकवानपुर सहकारी अस्पताल
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४१९७००९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# संकटपूर्ण अर्थतन्त्र सुधार

सरकारका अर्थमन्त्री डा. प्रकाशसरण महतले आर्थिक वर्ष २०८०/८१ का लागि १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँको बजेट सार्वजनिक गरेका छन् । जुन चालु आवको तुलनामा २.३७ प्रतिशतले कम बजेट हो । चालु आवका लागि सरकारले १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख रुपैयाँ बराबरको बजेट ल्याएको थियो । आगामी आर्थिक वर्षको बजेटका सन्दर्भमा अर्थमन्त्री डा. महतको दोहोरो चरित्र देखिएको छ । सोमबार संघीय संसदको संयुक्त बैठकमा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै सरकारी कर्मचारीको प्रोत्साहन भत्ता तथा अतिरिक्त भत्ता कटौती गरिने घोषणा गरेका अर्थमन्त्रीले सरकारले भत्ता खुवाउन सकेन भन्ने कुरा झुठो भएको प्रतिक्रिया दिएका छन् । अर्थ मन्त्रालयमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै अर्थमन्त्री डा.प्रकाशशरण महतले सरकारी कर्मचारीलाई तलबभत्ता नै खुवाउन नसक्ने भन्ने कुरामा सत्यता नभएको बताएका हुन् ।

हाल मुलुकको अर्थतन्त्रमा केही संकट भएपनि सरकार कर्मचारीलाई तलव भत्ता खुवाउने दायित्वबाट पछि नहट्ने अर्थमन्त्रीले बताए । कर्मचारीलाई तलव खुवाउने पैसा नै छैन भन्ने कुरा उडन्ते हुन् । यसमा कुनै पनि सत्यता छैन भन्ने अर्थमन्त्रीको दाबी छ । सामाजिक सुरक्षाको सवालमा सरकारले प्रयास गरिरहेको उनले बताएका छन् । सबैभन्दा पहिला आलोचना गर्ने प्रवृतिको अन्त्य गर्न आग्रह गरेका छन् । आगामी आवका लागि सरकारले ल्याएको बजेट २.३७ प्रतिशतले घट्दा १४ वटा मन्त्रालयको बजेट घटेको छ भने ७ वटा मन्त्रालयको बजेट बढेको छ । सबैभन्दा बढी बजेट सहरी विकास मन्त्रालयको २० प्रतिशत बढेको छ । सबैभन्दा धेरै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ७३ प्रतिशतले घटेको छ । आगामी आवको बजेटमा बजेटको आकार रक्षा मन्त्रालयको ७ प्रतिशतले बढेको छ । यस्तै गृहको ४, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ०.४५ प्रतिशत, अर्थ मन्त्रालयको १७ प्रतिशत बजेट बढेर ५ खर्ब ६७ अर्ब ५३ करोड ५३ लाख रुपैयाँ रहेको छ । अर्थ मन्त्रालयका लागि ४७ अर्ब २७ करोड ६५ लाख रुपैयाँ रहेको छ । यस्तै अर्थ मन्त्रालयलाई आन्तरिक ऋण भुक्तानीका लागि २ खर्ब ७५ अर्ब ७८ करोड ७४ लाख, वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) ४१ अर्ब २७ करोड ५ लाख, वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) १३ अर्ब ५० करोड २८ लाख, कर्मचारी सुविधा तथा सेवानिवृत सुविधाका लागि १ खर्ब १३ अर्ब र अर्थ मन्त्रालयका लागि विविध शीर्षकमा ७६ अर्ब ६९ करोड ८१ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । यस्तै परराष्ट्र मन्त्रालयको बजेट ३ प्रतिशत र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको बजेट १ प्रतिशतले बढेको छ । यस्तै सरकारले आगामी आवका लागि ल्याएको बजेटबाट १४ वटा मन्त्रालयको बजेट घटेको छ । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको बजेट २ प्रतिशत, कानून, न्याय तथा संसदीय मामिला मन्त्रायको १३ प्रतिशत, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको ११ प्रतिशत, खानेपानी मन्त्रालयको २५ प्रतिशत बजेट घटेको छ ।

ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको १९ प्रतिशत, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ४ प्रतिशत, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको १९ प्रतिशत, संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयको ४५ प्रतिशत, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ७३ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २४ प्रतिशतले बजेट घटेको छ । यस्तै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको २८ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयको १२ प्रतिशत महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको १२ प्रतिशत, वन तथा वातावरण मन्त्रालयको ४ प्रतिशतले बजेट घटेको छ । सरकारले आगामी आवका लागि ल्याएको बजेटले स्थानीय तहमा जाने पैसा पनि १२ प्रतिशतले घटाएको छ भने प्रदेशमा जाने रकम ४ प्रतिशतले घटेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ १८ गते बिहीबार १ जुन २०२३ । द्वादशी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४३ ने.सं. । सूर्योदय ५:११, सूर्यास्त ६:५४ । वन उपभोक्ता दिवस । प्रदोष व्रत

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहमतिका कार्यहरु हुनेछन् | तुला | : रमाइलो यात्रा हुनेछ |
| वृष | : नयाू कार्य सम्पन्न हुनेछ | वृश्चिक | : धन कमाउने योग परेको छ |
| मिथुन | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ | धनु | : पश्चात्ताप लाग्नेछ |
| कर्कट | : सन्तानबाट सन्तोष मिल्नेछ | मकर | : शारीरिक आलस्यता बढ्नेछ |
| सिंह | : विवाद पर्न सक्नेछ | कुम्भ | : सकारात्मक सोचाइ रहनेछ |
| कन्या | : दाम्पत्य सुख मिल्नेछ | मीन | : दया मायाका कार्य हुनेछन् |

# ईपीजी प्रतिवेदन टुङ्ग्याउन सके भारत भ्रमण सफल हुन्छ



डा. बाबुराम भट्टराई

**आर्थिक, राजनीतिक भन्दा पनि धार्मिक-सांस्कृतिक ढंगले नै आफ्नो प्रभुत्व कायम गरेर नेपाललाई परनिर्भर अथवा आफ्नो घेराभित्र राखी छोड्ने भन्ने अहिले भारतका पछिल्ला शासकहरूको जुन बुझाइ छ त्यो नेपाली र भारतीय जनता दुवैको हितमा हुँदैन ।**

हाम्रो प्रधानमन्त्रीको औपचारिक भारत भ्रमण हुँदैछ । यसक्रममा अवश्य नै दुई देशबीचका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका विषयमा छलफल भएर कतिपय निर्णयहरू हुने नै छन् । भारत हाम्रो ठूलो छिमेकी हो । भारतसँग खुला सिमाना, आर्थिक कारोबार आदिका कारणले सबैभन्दा निकटता र सबैभन्दा धेरै समस्या दुवै छन् । त्यसर्थ प्रधानमन्त्रीको औपचारिक भ्रमणको क्रममा थुप्रै अपेक्षा गर्नु स्वाभाविक हुन्छ ।

हामीले बुझ्नुपर्छ- युद्ध, राजनीति र कूटनीतिका नियमहरू करिब करिब उस्तै हुन्छन् । सुन-जुले भनेजस्तै 'आफूलाई चिन, आफ्नो दुश्मनलाई चिन' भन्ने नियम लागु हुन्छ । यससँगै शक्ति सन्तुलनको कुरा पनि आउँछ । नेपाल र भारतको आ-आफ्नै राष्ट्रिय हित, चाहना र सरोकारका विषय हुन्छन् जसलाई ठिकसँग बुझ्ने र दुवैतिरको बार्गेनिङ पावरको अवस्था हेरेर शक्ति सन्तुलनको आधारमा हामीले वस्तुवादी ढंगले कुराकानी गर्नुपर्छ ।

खासगरी हामीसँग सुरुदेखि रहेको समस्याको चुरो १९५० को सन्धि नै हो । त्यसले सुगौली सन्धिदेखि यता नेपाल-भारतबीच असमान सम्बन्धलाई औपचारिकता दिएको छ । त्यसैबाट निर्देशित भएर नै नेपालमा खुला सिमाना कायम हुनु, दुई देशका नागरिकलाई समान व्यवहार हुनु, आर्थिक आदि कारोबारमा भारतलाई हामीले विशेष ग्राह्यता दिनपर्ने र साँध सीमाका समस्याहरू रहेका छन् । यी सबै मूलत: १९५० को सन्धिसँग जोडिएको छ । त्यसलाई नै परिवर्तन गर्नु नै सबै समस्याको दिगो समाधान हो ।

हाम्रो प्रधानमन्त्रीको भ्रमणमा 'वान अन वान' बैठकमा के कारणले ईपीजी प्रतिवेदन बुझ्न भारत अनिच्छुक रहेको हो, भन्ने बुझेर अगाडि बढ्नु राम्रो हुन्छ । ईपीजीलाई संशोधन गर्न पनि सकिन्छ किनभने त्यो सुझाव मात्रै हो, सबै मान्नुपर्छ भन्ने छैन । त्यसैले समग्रतामा नै हल गर्ने दिशातिर जान सक्नुभयो भने यो भ्रमण ऐतिहासिक र नयाँ हुन्छ । दिगो ढंगले भारत र नेपालको सम्बन्ध पुनर्परिभाषित हुन पनि सक्छ । तर अहिले त्यो सम्भव छ भन्ने मलाई लाग्दैन । सुझावका निम्ति बोलाइएको बैठकमा प्रस्तुति हेर्दा प्रधानमन्त्री त्यति उत्साहित देखिनुभएन । यो भ्रमण जलस्रोत, जलविद्युत, व्यापार लगायतका विषयमा बढी केन्द्रित हुनेजस्तो देखिन्छ ।

१९५० को सन्धिमा नेपालको अहित बढी छ । त्यसलाई नै दुई देशको हितमा नयाँ ढंगले नसच्याएसम्म भारतसँगको सम्बन्ध सुदृढ बन्न सक्दैन । यी विषयलाई अनौपचारिक ढंगले प्रधानमन्त्रीले उठाउँदा हुन्छ । ठोस रूपले अहिले तत्कालै गर्ने कुरा जलस्रोत र जलविद्युत हो । केही समय यता नेपालबाट विद्युत उत्पादन विदेश निर्यात गर्ने संभावना बनेको छ । भारत हुँदै बंगलादेश बिजुली निर्यातलाई नै सहज ढंगले पूर्णता दिन सकियो भने नेपालको व्यापार घाटालाई सच्याउन मद्दत पुग्छ ।

खुला सिमानाका कारण अर्थतन्त्रमा चुहावट देखिएको छ । उद्योगधन्दाहरू त प्रतिस्पर्धी हुन सकेनन् सकेनन् कृषिजन्य वस्तुहरू समेत आयात गर्नुपर्ने ठाउँमा हामी पुगेका छौं । भारतले 'नन ट्यारिफ ब्यारियर' लगाएर हाम्रो कृषिजन्य निर्यातलाई पनि रोकिरहेको अवस्था छ । त्यसलाई सुधार्न सकियो भने नेपालको हित हुन्छ ।

एउटा मात्र हवाई रुट हुँदा हामीलाई धेरै समस्या भएको छ । भैरहवा विमानस्थल बनिसकेको छ । त्यसलाई क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको ढाँचामा निर्माण गरिएकोले भारतले अर्को एउटा हवाई रुट नदिएसम्म त्यसलाई सञ्चालन गर्न गाह्रो हुन्छ । यो विषय पनि हल गर्नुपर्नेछ । प्रधानमन्त्रीको कुरा सुन्दा त्यो अझै टुंगिइसकेको छैन भन्ने मैले बुझ्छु ।

त्यसबाहेक पञ्चेश्वर, पश्चिम सेती, तल्लो अरुण लगायतमा केही जलविद्युत र जलस्रोतसम्बन्धी आयोजनाहरू पनि समझदारी बनाएर अगाडि बढ्ने हो भन्ने बुझिन्छ । भारतले लगानी गरेर जलविद्युत उत्पादन गरेर छिटोछरितो उता निर्यात गर्छ भने त नेपालको हितमै हुन्छ । तर ओभरडेटा राख्ने, अरुलाई बनाउन नदिने र आफू पनि नबनाउने अप्पर-कर्णाली जस्तो भयो भने त्यसले नेपाललाई फाइदा गर्दैन । त्यसको बारेमा पनि ध्यान दिनु उपयुक्त होला ।

पञ्चेश्वर लगायत बन्दा त्यहाँ पानीको बाँडफाँटको कुरा पनि आउँछ । सिमाना नदीको पानी आधा-आधा गर्ने भन्ने सैद्धान्तिक अन्तर्राष्ट्रिय मान्यता पनि हो र हाम्रो पनि हो । तर त्यहाँ पानीको बाँडफाँटको कुरा अझै पनि मिलिसकेको छैन भन्ने पनि बुझ्छु । त्यसमा अलि सतर्क भएर राष्ट्रहितलाई अप्ठ्यारो नपर्ने गरी गर्नु उपयुक्त हुन्छ । अन्य विषय भने के कति गृहकार्य भएको छ, त्यसमा भर पर्छ । मेरो सुझाव छ, नेपाल भारतसँगको जुन ऐतिहासिक रूपले असमान र परनिर्भर सम्बन्धमा बाँधिएको छ, यसलाई ठिक ढंगले नसच्याएसम्म कमसेकम नेपाली अर्थतन्त्र माथि उठ्न धेरै गाह्रो छ । औद्योगीकरण हुन सक्दैन र यसो नहुँदा कृषिले मात्रै रोजगारी सिर्जना गर्न सक्दैन र लाखौंको संख्यामा विदेश पलायन हुन बाध्य भइरहेका युवापंक्ति रोकिँदैनन् । त्यसको निम्ति भारतसँगको खुला सिमाना र १९५० का सन्धि लगायतले बनाएको बाध्यात्मक अवस्थालाई बदल्नुपर्छ ।

नेपालको विकाससम्बन्धी चासो छ । भारतको पहिलेदेखि नै एउटा उदीयमान विश्वशक्ति बनेको र चीन पनि ठूलो शक्तिको रूपमा उदय भएको हुनाले भूराजनीतिक चासो, सुरक्षा चासो उसको स्वत: नै छ भन्ने बुझेकै हो । नेपाल एउटा सार्वभौमसत्ता सम्पन्न मुलुक हो । नेपालको सार्वभौम समानतालाई भारतले पनि ध्यान दिनुपर्छ । कतिपय अवस्थामा हाम्रो सार्वभौमसत्तालाई नस्वीकारेको हो कि भन्ने जस्ता भावहरू आउँछन् । त्यसैले यी विषयमा अलि विश्वासको वातावरण बनाउनका लागि प्रधानमन्त्रीले पहल गर्दा राम्रो हुन्थ्यो ।

तर अहिले धरातलीय यथार्थ हेर्दा भारतमा एउटा धार्मिक कट्टरपन्थी सोच हावी हुँदै गएको छ । त्यसले उसका सामरिक हितलाई पनि अलि नयाँ ढंगले परिभाषित गरेको छ जस्तो देखिन्छ । आर्थिक, राजनीतिक भन्दा पनि धार्मिक-सांस्कृतिक ढंगले नै आफ्नो प्रभुत्व कायम गरेर नेपाललाई परनिर्भर अथवा आफ्नो घेराभित्र राखी छोड्ने भन्ने अहिले भारतका पछिल्ला शासकहरूको जुन बुझाइ छ त्यो नेपाली र भारतीय जनता दुवैको हितमा हुँदैन ।

त्यसैले हामी नेपालीले पनि प्रधानमन्त्रीको भ्रमण हुनासाथ उत्पात हुन्छ भन्नु भन्दा पनि नराम्रो नहोस् र विगतदेखिका समस्यालाई हल गर्ने दिशामा केही सकारात्मक कदम चालिऊन् भनेर अपेक्षा गर्नु नै बढी सही हुन्छ ।

यस्तो बेला एउटा माओवादी पार्टीका प्रधानमन्त्री र कट्टरपन्थी हिन्दुत्वको पक्षधर प्रधानमन्त्रीबीचको कुराकानीले कत्ति आइसब्रेक गर्छ ? म यसै भन्न सक्दिनँ । तर विचारधारा भन्दा पनि राष्ट्रिय हितलाई ध्यानमा राखेर कुरा गर्नुपर्छ । केही भइदेओस् भन्ने कामना छ तर म त्यति धेरै आशावान र धेरै अपेक्षा गर्नुहुँदैन जस्तो लाग्छ । यद्यपि असंभव भन्ने केही हुँदैन । चरम पुँजीवादी देश अमेरिकाका राष्ट्रपति रिचार्ड निक्सन र मार्क्सवादको पनि चरमपन्थको प्रयोग गर्ने चीनका माओले हात मिलाएका थिए । तर उनीहरूले आफ्नो सामरिक स्वार्थ थिए । खासगरी सोभियत संघसँग दुवैथरीको साझा दुश्मनी थियो । त्यसैले उनीहरू हात मिलाएर दुवैले एकअर्कासँग लाभ लिन खोजेका थिए । कसले कति लाभ लियो भन्ने कुरा त इतिहासले मूल्याङ्कन गर्ला ।

एउटा हाइपोथेटिकल कुरा गरौं । चीन एउटा ठूलो शक्तिको रूपमा उदय भएर आएको छ । भारतले स्वत: नै चीनलाई एउटा ठूलो प्रतिस्पर्धी मान्छ । नेपाललाई आफ्नो पक्षमा लिएर चीनसँग लड्नको निम्ति एउटा आधार बनाऔं भन्ने कूटनीतिक 'मूभ' भारतले गर्न सक्छ । तर नेपालको जोखिम के छ भने हामी त यसै पनि दुइटाको चेपुवामा परेका छौं । सुगौली सन्धियता हामी बढी भारतबाट नै चेपिएका छौं । जोसँग बढी चेपिएको छ त्योसँग बढ्ता हात मिलाएर खासै धेरै समस्या नभएको अर्को छिमेकीसँग दुश्मनी गर्दा नेपाललाई खास फाइदा हुँदैन ।

त्यसैले नेपालको तर्फबाट माओको देखासिकी गरेर माओले निक्सनसँग हात मिलाएजस्तै हाम्रो प्रधानमन्त्रीले भारतीय प्रधानमन्त्रीसँग त्यसरी हात मिलाइहाल्नुहोला भन्ने मलाई लाग्दैन । किनकि चीन र अमेरिका मिलेजस्तो भारत र नेपाल मिल्नु अलि हुँदैन जस्तो मलाई लाग्छ । (कुराकानीमा आधारित) *साभार: अनलाइनखबर*

# एमालेमा युवाको अवस्था र अबको भूमिका



सरिता सापकोटा

**नेपालमा भएका युगान्तकारी परिवर्तन र प्राप्त उपलब्धिमा युवाको अग्रभूमिका रहे पनि राजनीतिक नेतृत्वले युवालाई सधैं म्यादी प्रहरी जसरी प्रयोग गरेको तितो यथार्थ हाम्राअगाडि आज पनि घामजत्तिकै छर्लंग छ ।**

एउटा भनाइ छ, 'यदि असल मानिस राजनीतिमा सहभागी नहुने हो भने उनीहरू खराब मानिसबाट शासित हुनुपर्छ ।' आजको समाजलाई अग्रगमनतर्फ लैजाने मुख्य माध्यम राजनीति हो, अर्थात् वर्तमान परिवेशमा राजनीतिविना न सामाजिक विकास सम्भव छ, न त भौतिक विकास नै । सामाजिक तथा भौतिक समृद्धि र आर्थिक उन्नतिका लागि राजनीतिमा युवाको सहभागिता अनिवार्य छ । युवा भनेको कुनै उमेर समूह होइन, यसले विज्ञानसम्मत र तर्कसंगत सोचलाई जनाउँछ, जुन सोचले समयको गतिलाई समाएर युग सुहाउँदो यात्रा गर्न सकोस् ।

जैविक दृष्टिकोणले मानिसका आफ्नै विषेशता छन् । मानिसको उमेर उसको शारीरिक र मानसिक स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको हुन्छ । उमेरका कारण मानिसका दैनिक गतिविधि प्रभावित भइरहेका हुन्छन् । आजको आधुनिक तथा वैज्ञानिक युगमा राजनीतिको स्वरूप फेरिँदै गएको छ । परम्परागत राजनीतिक शैली विस्थापित हुँदै गएको छ भने आधुनिक, वैज्ञानिक, गुणस्तरीय, डाटाबेस्ड तथा प्रविधिमैत्री राजनीतिक शैली विकसित हुँदै गएको छ । यस्तो किसिमको बदलिँदो परिवेश र राजनीतिक वातावरणलाई सन्तुलित र वैज्ञानिक तरिकाले डोऱ्याउन शरीरमा जोश, जाँगर र ऊर्जा भएको उमेर समूह आवश्यक पर्छ । त्यसैले होला, अहिले नेपालको राजनीतिमा विचारसहितका युवाको प्रत्यक्ष सहभागिता र भूमिका खोज्न थालिएको छ ।

'युवाले जिते संसारले जित्नेछ, युवाले हारेँ सिङ्गो संसारले हार्नेछ,'मार्क्सको यो भनाइ ठ्याक्कै नेपालको वर्तमान परिस्थितिसँग मिल्ने खालको देखिन्छ । नेपालमा पनि २०४६ सालपछिको परिस्थितिलाई विश्लेषण गर्ने हो भने धेरै ठूलाठूला परिवर्तन र आन्दोलन भएका छन्, तर ती आन्दोलनको नेतृत्व न युवालाई गर्न दिइयो, न त प्राप्त उपलब्धिलाई संस्थागत गर्ने प्रक्रियामा युवालाई सहभागी गराइयो । केवल सत्ता र शक्ति आर्जन गर्ने माध्यम बनाएर युवालाई आन्दोलनमा व्यापक प्रयोग गरियो ।

राजनीतिमा अग्रस्थान ओगट्नेहरूले सधैं युवालाई भविष्यका कर्णधारका रूपमा परिभाषित गर्ने गरेका छन् । नेताहरू भ्रातृ विद्यार्थी संगठनलाई पार्टीको नर्सरीका रूपमा परिभाषित गर्छन्, तर नर्सरीमा हुर्किरहेका कैयौं वृक्ष बुढा हुन थालिसकेका छन्, ती वृक्षका हाँगा लुत्किन थालिसकेका छन् । ती बुढा हुँदै गरेका वृक्षलाई कहिले उर्वर माटोमा सार्ने ? ती वृक्षमा फूलेका फूलको सुगन्ध देशको उन्नति, प्रगति र आर्थिक समृद्धिका लागि कहिले प्रयोग गर्ने ? नेतृत्वको ध्यान त्यतातिर केन्द्रीकृत होस् ।

माओले भनेका थिए, 'युवाहरू यो देश तिमीहरूको हो, यो देश हाम्रो पनि हो, तर अन्तिममा यो देश तिमीहरूकै हो ।' हामीकहाँ कतिपय कम्युनिस्ट पार्टीको नामकरण नै मार्क्स, माओ र लेनिनलाई समेटेर गरिएको छ । ती पार्टीका नेतृत्वले कहिले भन्ने हुन् युवाहरू ! अन्तमा यो देश तिमीहरूकै हो, जाऊ, देश बनाऊ । हामी विश्राम गर्छौं । आज नेकपा एमालेमा आस्था राख्ने सम्पूर्ण युवा पंक्ति यही उद्घोषको प्रतीक्षामा छन् ।

नेपालमा भएका युगान्तकारी परिवर्तन र प्राप्त उपलब्धिमा युवाको अग्रभूमिका रहे पनि राजनीतिक नेतृत्वले युवालाई सधैं म्यादी प्रहरी जसरी प्रयोग गरेको तितो यथार्थ हाम्राअगाडि आज पनि घामजत्तिकै छर्लंग छ । यो नै नेपाल र नेपालीका लागि सबैभन्दा ठूलो दुर्भाग्य हो । अझै पनि पार्टीभित्र महाभारतीय शैलीको राजनीति हाबी छ । युग अनुसार यो पार्टीले आफूलाई बदल्न सकेको छैन । पार्टीमा मदनको जबजलाई बोकेर केसरजङ्ग शैलीको राजनीति गर्ने तत्व हाबी छन्, जो चाहन्नन्, यो उर्वर माटोमा युवा पनि पोखिऊन् र देशका कुना-कन्दरामा हरियाली छन् ।अहिलेको अवस्थामा नेपाली जनतामा युवाप्रतिको आकर्षण बढ्दै गएको छ । यसरी युवाप्रति जनतामा विश्वासको वातावरण बन्दै जानू र परिवर्तनको अपेक्षा युवाको ध्रुवतिर सर्नु निकै राम्रो र सकारात्मक पक्ष हो, तर यो गम्भीर जिम्मेवारी र यति ठूलो विश्वासको पहाडलाई आत्मसात गरेर के अहिले नै हाम्रो पार्टीमा राजनीति गरिरहेका युवाले देशको बागडोर आफ्नो हातमा लिन सक्छन् त ? यो बहसको विषय हो ।


त्यसो त समस्या युवाभित्र पनि छन् । निकै लामो अध्ययन र अनुसन्धानको बाटोबाट आफ्नो विरासत नेपाली जनतामा स्थापित गरेको देशको पहिलो कम्युनिस्ट पार्टीभित्रका युवा कार्यकर्ता अध्ययन र छलफलका कार्यक्रमभन्दा पनि नेताका दैलातिर धाउन अथवा भृकुटीमण्डपमा गफ चुट्न अभ्यस्त देखिन्छन्, यसले पार्टीभित्रको बौद्धिक आन्दोलन कति कमजोर भएको छ भन्ने दर्शाउँछ । हामी के हौं, के होइनौं र हामी किन कांग्रेसभन्दा फरक हौं भन्ने चेतना एमालेको पछिल्लो पुस्तामा देखिँदैन । यो खालको स्कुलिङ नेताहरूबाट पनि भएको छैन, यसले पार्टी वैज्ञानिक राजनीतिको दिशाभन्दा पनि परम्परागत राजनीतिकै बाटोमै छ भन्ने इङ्गित गर्छ । यसको निराकरणका लागि नेपालको राजनीतिमा रूचि र चासो राख्नेदेखि हरेक पार्टीबाट राजनीति गर्ने प्रत्येक युवाले आफूलाई आत्मैदेखि सुधार गर्न आवश्यक छ ।

युवा शक्ति भनेको नवीनताको पर्याय हो । युवाहरू राजनीतिक स्तम्भका रूपमा समाजको अगाडि उभिँदै गर्दा जनताले उनीहरूबाट नवीन शैलीको आर्थिक, राजनीतिक र समाजिक रूपान्तरण खोजेका हुन्छन् । युवाबाट समाजमा नौलो राजनीतिक सिद्धान्त, सहिष्णुता, विचारका साथै फरक शैलीमा देशको भौतिक तथा सामाजिक विकास होस् भन्ने चाहन्छन् जनता । जनतामा आफूप्रति बढेको यो विश्वासलाई चिरस्थायी बनाउन युवाले सधैं उन्नत सामाजिक चेत बोक्नु जरुरी छ, यसका साथै आजका युवाले पार्टी भित्र र बाहिर हुने अनियमितता, भ्रष्टाचार, नातावाद, कृपावादका विरुद्ध आलोचनात्मक चेतसहित आइपरे आफ्नै नेता विरुद्ध पनि फरक ध्रुवमा उभिन सक्ने सामर्थ्य र हैसियत बोक्नु अनिवार्य छ । कुनै पनि देशको समग्र विकासको मापन त्यो देशका युवा कति अनुशासित, सुसूचित, सभ्य र शिक्षित छन् भन्ने कुराबाट हुन्छ, त्यसैले राजनीतिमा आबद्ध हरेक युवाले समाजमा इमानदारीका साथ उच्च राजनीतिक आचरण मात्र प्रस्तुत गर्नुपर्छ, युवा जोश र युवा चेतना कहिल्यै पनि गलत काम र गलत प्रवृत्तिको ढाकछोपका लागि प्रयोग हुनुहुँदैन । विज्ञान प्रविधिको उल्लेख्य विकास र पछिल्लो समय आर्टिफिसियल इटिलिजेन्समा देखिएको नयाँ विकास क्रमले अहिले विश्वमा नयाँ शैलीको आर्थिक तथा सामाजिक क्रान्तिले स्थान ओगट्दै गइरहेको छ । यसले सामाजिक संरचनामा उथलपुथलको अवस्था सिर्जना गर्ने लगभग निश्चित छ । यसबाट विश्वमा आइपर्ने चुनौतीको सामना गर्न अब हाम्रोजस्तो न्यून विकसित मुलुकमा मानिस कसरी तयार रहने ? नयाँ नयाँ राजनीतिक तथा आर्थिक सिद्धान्तको निर्माण कसरी गर्ने । आज बौद्धिक युवासमूह यसमा लाग्नुपरेको छ ।

विश्वमा बढ्दै गएको जलवायु परिवर्तनलाई कसरी सम्बोधन गर्न सकिन्छ ? बढ्दो प्रदूषणलाई रोक्न हामीले के गर्न सक्छौं ? बढ्दै गरेको ऊर्जाखपतलाई वैकल्पिक ऊर्जा खपतका माध्यमबाट हामी कसरी न्यूनीकरण गर्न सक्छौं यस्ता किसिममा विषयमा ठोस नीति निर्माण गर्नका लागि युवाले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नु अहिलेको आवश्यकता हो । बेरोजगारी अहिले देशको सबैभन्दा ठूलो समस्या हो, जसले गर्दा हाम्रो दक्ष जनशक्ति ठूलो संख्यामा निर्यात भइरहेको छ । यो समस्या सम्बोधन गर्ने सवालमा अहिले राजनीति गर्ने हरेक युवा गम्भीर बन्न जसरी छ ।

देशमा कृषि र पर्यटनको निकै ठूलो सम्भावना छ, जसले देशमा विद्यमान रहेको बेरोजगारीको समस्यालाई ठूलो मात्रामा हल गर्न सक्छ, कृषि तथा पर्यटन क्षेत्रलाई अझै व्यवसायीकरण गर्नका लागि थुप्रै नीति सुधार गर्नुपर्ने र नयाँ नीतिहरू निर्माण गर्नुपर्ने छ । जसका लागि युवा वर्गले दबाब सिर्जना गर्नुपर्ने हुन्छ । युवाले यसो गर्न सके हामीले खोजेको समाजवाद, आर्थिक समृद्धि र उन्नति त्यति टाढा छैन । (लेखक सापकोटा अखिल नेपाल महिला संघको केन्द्रीय सदस्य हुन् ।) *साभार:रातोपाटी*

# बजेटले खुसी भएनन् चलचित्रकर्मी



काठमाडौँ/ आगामी आर्थिक वर्षको बजेटमा चलचित्र क्षेत्रलाई उचित सम्बोधन नगरिएको भन्दै चलचित्रकर्मीले असन्तुष्टि व्यक्त गरेका छन् । नेपाल चलचित्र निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुलीले बजेटको छलफलमा समेत चलचित्र क्षेत्रलाई सहभागी नगराइएको गुनासो गरे । उनले भने 'हामीले अहिलेको आवश्यकताबारे चलचित्र विकास बोर्डमार्फत सरकारलाई जानकारी गर ाएका थियौँ । तर, त्यसको केही सम्बोधन भएन । चलचित्र क्षेत्रको विकासका लागि सरकारले यस क्षेत्रमा लगानी गर्नाका साथै नीतिगत सुधारमा आवश्यक कदम चाल्नुको विकल्प छैन, अध्यक्ष पराजुलीले भने ।

उनले चलचित्र क्षेत्रले देशको अर्थतन्त्रमा टेवा पुऱ्याउने भए पनि यो क्षेत्रलाई सधैँ उपेक्षा हुने गरेको गुनासो व्यक्त गरे। नेपाल चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्काले बजेटले अन्य क्षेत्रलाई समेटेर प्रोत्साहन गरेको भए पनि चलचित्रकर्मी उत्साहित हुने कुनै कार्यक्रम नआएको बताए ।' हामीले बोर्डमार्फत आफ्नो क्षेत्रलाई सरकार ले समेट्नुपर्ने बुँदाहरू बुझेका थियौँ । तर सदाझैँ केही नयाँ सम्बोधन भएनन् । अन्य क्षेत्रलाई झैँ चलचित्र क्षेत्रप्रति पनि सरकार गम्भीर हुनुपर्छ भन्ने हाम्रो माग छ", अध्यक्ष खड्काले भने ।चलचित्रकर्मी अशोक शर्माले दोलखा र काभ्रेमा स्टुडियो बनाउने विषय हरेक वर्षको बजेटमा आए पनि पर्याप्त बजेट नहुँदा कागजमै सीमित रहेको बताए । 'उद्योगका लागि निर्माण, प्रदर्शन र वितरण क्षेत्रमा कुनै पनि कुरा आएको छैन । चलचित्रकर्मीका लागि यो निराशाजनक बजेट भएको छ', निर्माता शर्माले भने ।

सोमबार संघीय संसद्को बैठकमा प्रस्तुत आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा चलचित्र पर्यटन प्रवर्द्धन र विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिने उल्लेख छ । सार्वजनिक-निजी साझेदारीमा दोलखा र काभ्रेको बनेपामा स्टुडियो (भित्र छायाङ्कन गर्न मिल्ने) बनाउने घोषणा गर्दै चलचित्र पर्यटनको विकास गर्ने उद्देश्यले ती स्टुडियो निर्माण गर्न लागिएको सरकारको भनाइ छ । यसबाहेक सरकारले बौद्धिक सम्पत्तिको संरक्षण र विकास विस्तार का लागि कानुन बनाउने समेत बजेटमा उल्लेख गरेको छ ।

# बिजुली बसमा पनि कर बढ्यो, संख्या बढिरहेकै माइक्रो सरकारका निशानामा



काठमाडौँ/महँगा निजी प्रयोजनका विद्युतीय गाडीमा कर घटाएको सरकारले सार्वजनिक विद्युतीय सार्वजनिक सवारीमा भने कर बढाएको छ । अब ११ देखि १४ सिटसम्मका विद्युतीय बसमा १० प्रतिशत भन्सार महसुल लाग्ने गरी व्यवस्था गरेको छ ।

सरकारको यो नीतिले आधारभूत तहका निजी सवारी र सार्वजनिक सवारीको भन्सार महसुल बराबरी भएको छ । सरकारले सोमबार ल्याएको बजेटअनुसार अब ५० किलोवाटसम्मका निजी प्रयोजनका विद्युतीय सवारीमा पनि १० प्रतिशत मात्रै भन्सार लिइनेछ । सँगै १४ सिटसम्मका विद्युतीय सार्वजनिक बसले पनि निजी सरह नै भन्सार महसुल तिर्नुपर्नेछ ।

यसअघि १० सिटसम्मका विद्युतीय सार्वजनिक सवारीमा मात्रै १० प्रतिशत कर लाग्दै आएको थियो । सोमबार सार्वजनिक भएको बजेटपछि १४ सिटसम्मकै विद्युतीय बसमा १० प्रतिशत कर लाग्नेछ ।

यो व्यवस्थाले यसअघि १ प्रतिशत करमा भित्रिएका विद्युतीय बसहरु अब १० प्रतिशत भन्सार तिरेर भित्रिनेछन् । यसले चीनबाट नेपाल भित्रिरहेका विद्युतीय माइक्रोबस महँगो बनाएको छ । नयाँ व्यवस्थापछि १५ सिटभन्दा बढी क्षमताका बिजुली बस मात्रै एक प्रतिशत भन्सारमा भित्रिन पाउनेछन् ।

कम सञ्चालन खर्चका कारण वीपी राजमार्गसहित विभिन्न रुटमा साना विद्युतीय बस चलिरहेका छन् । सो रुटमा यस्ता बिजुली बसले अन्य डिजेल बसलाई विस्थापित नै गर्न लागिसकेका छन् । वीपी राजमार्ग हुँदै काठमाडौँबाट गाईघाट, सिन्धुली, बर्दिवास र जनकपुर जाने साना बसहरू अधिकतम रूपमा विद्युतीय हुनसक्ने देखिएको थियो । यसैगरी काठमाडौँ-ओखलढुंगा, काठमाडौँ-हेटौँडा, काठमाडौँ नारायणगढ, काठमाडौँ-दोलखा, नेपालगञ्ज-सुर्खेत, हेटौँडा-वीरगञ्ज, नेपालगञ्ज-धनगढी, धनगढी-महेन्द्रनगर, लहान-राजविराज, लहान-जनकपुर रुट पनि आंशिक रूपमा यस्ता विद्युतीय बस सञ्चालन हुन थालेका छन् । यस्ता रुटहरूमा करिब ६ हजार विद्युतीय सार्वजनिक सवारी चल्न सक्ने निजी क्षेत्रबाट भएको एक अध्ययनले देखाएको थियो ।

अहिले डीएफएसके, जोयलोङ, केवाईसी, फोटोनका माइक्रोबस सहित सीएचटीसी, बीएके, बीवाईडी लगायत कम्पनीका करिब १८५ वटा बिजुली बस सार्वजनिक सेवामा रहेको अनुमान छ ।

काठमाडौँ-पोखरासहित विभिन्न रुटमा यस्तो माइक्रो बसको संख्या बढिरहेको छ । यही बेला यस्ता बिजुली बस आयात गर्दा लाग्ने भन्सार बढाएको छ । संख्या बढ्दै गएपछि त्यसमा राजस्व बढी उठ्ने देखेर सरकारले विद्युतीय सार्वजनिक सवारीमा कर लगाएको हो ।

**सिट विवादपछि चलखेल**

सरकारले यसअघि ११ सिट मानेर भन्सार पास भइरहेका बिजुली बसलाई गत फागुनदेखि ९ सिटको भन्दै नयाँ दरमा भन्सार लगाउन थालेको थियो । यस्ता बसहरुमा 'फोल्डिङ सिट'सहित ११ सिटका छन् । २ वटा फोल्डिङ सिट भएकाले यी बसहरु ९ सिटे कायम गरेर भन्सार लाग्ने ठहर तातोपानी भन्सार कार्यालयले गरेको थियो ।

तर, यसअघि यिनै बसहरु ११ सिटे ठहर गरेर भन्सार लिने गरि न्थ्यो । यसले गर्दा बसको मूल्य सस्तो पर्न जान्थ्यो । अरु कम्पनीका बसहरूमा पनि फोल्डिङ सिटलाई नियमित सिटमा गणना गर्ने प्रचलन थिएन । आयातकर्ताले बसलाई ११ सिटको भएको दाबी गरेपछि यातायात विभागमा यसबारे राय पनि मागिएको थियो । यातायात विभागले ११ सिट नै गणना हुने जवाफ पठाएको थियो ।

तर, भन्सार विभागले ११ सिट नै दाबी गरेपछि रोकिएका बस छुटाउन व्यवसायीहरुले १० प्रतिशत धरौटी राखेका थिए । अब नयाँ भन्सारमा राखिएको त्यस्तो धरौटी जफत हुने गरी सरकारले नयाँ भन्सार निर्धारण गरेको छ ।

अब सरकारले १४ सिटसम्मको विद्युतीय बसमा १० प्रतिशत भन्सार लगाएपछि विद्युतीय माइक्रोबसमा ४-५ लाख मूल्य बढ्ने भएको छ । चीनबाट बिजुली बस आयात गरेर नेपामा बेचिरहेको गरिरहेको 'दिगो' प्रालिका प्रमुख कार्यकारी अधिकृत (सीईओ) राजन रायमाझी सार्वजनिक विद्युतीय सवारीमा कर बढाएर सरकारले विभेद् गरेको बताउँछन् । 'त अहिलेसम्म कुनै बजेटले विद्युतीय सार्वजनिक सवारीमा कर बढाउने नीति लिएको थिएन,' उनले भने, 'यो सरकार विद्युतीय सवारीमा धेरै नै अनुदार देखियो ।'

करमा गरिएको वृद्धिले यातायात व्यवसायीमाथि आर्थिक भार थपिने र यस्तो कदमले बिजुली बसको मूल्य बढेर विद्युतीय बसको प्रवर्द्धन उन्मुख बजार खल्बलिने रायमाझीको भनाइ छ ।

'सरकारले विद्युतीय गाडीको प्रवर्द्धन चाहेको भए यस्तो प्रतिगामी निर्णय गर्दैन थियो' उनी भन्छन् । यातायात व्यवसायीहरु भने ११ सिटे सेग्मेन्टका बिजुली बसले ठूलो बजार लिन थालेको र त्यसबाट व्यवसायीले धेरै लाभ पाएको अवस्था देखेपछि अन्य डिजेल बस आपूर्तिकर्ता कम्पनीले आफ्नो प्रतिस्पर्धी गाडीलाई तह लगाउन कर बढाइएको आशंका गर्छन् ।यस्तै प्रकृतिका डिजेलबाट चल्ने माइक्रोबसको मूल्य अहिले करिब ४८ लाख पर्छ । तर, बिजुली बस नै करिब ४४ लाखमा पाइने अवस्था भएपछि व्यवसायीले लाभ पाइरहेका थिए । बिजुली बसले डिजेल बसको बजार चौपट पारिदिएपछि स्वार्थ समूको प्रभावमा सरकारले बढाएर निरुत्साहित गर्न खोजेको उनीहरुको आरोप छ ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका वरिष्ठ उपाध्यक्ष सरोज सिटौला महँगा विद्युतीय सवारीमा भन्सार घटाएको सरकारले जनता चढ्ने सवारीमा कर बढाएर अन्याय गरेको बताउँछन् । 'विद्युतीय सार्वजनिक सवारीले जसरी लाभ दिँदैछ, त्यसलाई निरुत्साहित गर्ने सर कारी नीति खेदजनक छ,' उनी भन्छन्, 'व्यवसायीको हितमा यो बजेटले एक ठाउँमा पनि सम्बोधन गरेन नै, उल्टो विद्युतीय सार्वजनिक सवारी र व्यवसायीले तिर्नुपर्ने कर बढाएर जनतामाथि पनि अन्याय गऱ्यो ।'

# भदौमा अन्यायमा परेको 'राधा' फेरि एक पटक भदौमा नै



काठमाडौँ / गत साल भदौ १० मा रिलिज भएको सुवर्ण थापा नर्देशित 'राधा' फेरि हलमा लाग्ने भएको छ । निर्देशक थापाले विदेश प्रदर्शनपछि फिल्म पुन : हलमा रिलिज गरिन लागेको जानकारी गर ाएका छन् ।

गतवर्ष सो बाँडफाँडमा चित्त दुखाउँदै निर्माताले फिल्म रिलिजको तेस्रो दिन नै हलबाट उतारेका थिए । उसबेला फिल्म 'प्रकाश' सँगै रिलिज भएको थियो । खासगरी मल्टिप्लेक्सले कम सो दिएका सो पनि अफ टाइममा दिएको भन्दै निर्माताले हलबाट निकाल्ने निर्णय गरेका थिए । निर्देशक थापाले फेसबुकमा फिल्मको एक पोस्टर सार्वजनिक गर्दै फिल्म पुन: प्रदर्शन गर्न लागिएको जानकारी दिँदै लेखेका छन् ।'आदरणीय दर्शक महानुभावहरू अस्ट्रेलिया, नर्थ अमेरिका र यूरोपको सफल प्रदर्शन एवं विभिन्न र ाष्ट्रिय/अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा सहभागितापछि हामीले 'द सेक्रेट्स अफ राधा'लाई तपाईंहरूको सामु ल्याउने जमर्को गरेका छौँ । आशा छ यो अवसरमा तपाईंहरूले हाम्रो साथ दिनुहुनेछ ।' थापाको अनुसार यो फिल्म अब भदौ २९ मा रिलिज हुनेछ । तर थापाले ताकेको यो मितिमा अहिलेसम्मलाई तीन फिल्म सोही मितिमा आउने गरी घोषणा गरेर बसेका छन् । भदौ २९ मा 'ऐँचोपैँचो', 'भगवत् गीता' र 'नांगो गाउँ'ले प्रदर्शन हुने घोषणा गरेका छन् ।

फिल्ममा सृष्टि श्रेष्ठ, खगेन्द्र लामिछाने, मेनुका प्रधान, सौगात मल्ल, दिव्य देव, बुद्धि तामाङ, लोकेन्द्र लेखक, पशुपति राई, निश्चल बस्नेत, दयाहाङ राईलगायतको अभिनय छ । 'राधा'ले महिलाको सहनशीलतालाई कथानकमा उनेर प्रस्तुत गरेको छ । निर्देशक थापाले यो फिल्म रंगिन र ब्ल्याक एन्ड ह्वाइट गरी दुई रङमा तयार गरेका छन् । फेस्टिभलमा उनले ब्ल्याक एन्ड ह्वाइट चलचित्र पठाइरहेका छन् भने हलमा रंगिन देखाउँदै आएका छन् ।

# भारतको नक्साबारे प्रधानमन्त्रीले कुरा गर्नुपर्छ : ओली



काठमाडौँ/ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भारतको संसद भवनमा नेपालको भूमि समावेश गरिएको नक्सा (मुरल) राख्नु उचित नभएको बताएका छन् ।

भारतको नयाँ संसद भवनमा काठमा कुँदिएको भारतको नक्सामा नेपालको लुम्बिनी र कपिलवस्तु पनि रहेको भन्ने कुरा सुनिएको भन्दै उनले यदि त्यस्तो हो भने उचित नहुने बताएका हुन् ।

अखिल नेपाल महिला संघले मंगलबार च्यासलस्थित पार्टी केन्द्रीय कार्यालयमा गरेको कार्यक्रममा उनले भने,'नेपालको भूमि आफ्नो नक्साभित्र हालेर संसद जस्तो ठाउँमा भारतजस्तो एउटा पुरानो, सुदृढ, नमुना लोकतन्त्र भनिएको देशले त्यो व्यवहार गर्छ भने त्यसलाई उचित भन्न सकिँदैन ।' एमाले अध्यक्ष ओलीले प्रधानमन्त्रीको भारत भ्रमणका विषयमा उक्त नक्साको विषयमा छलफल हुनुपर्ने बताए । 'प्रधानमन्त्रीजी भोलि भारत भ्रमणमा जाँदै हुनुहुन्छ । उहाँले त्यो नक्सा हटाउनुस् । त्यो गल्ती सच्याउनुस् भनेर भारत सरकारसँग कुरा गर्नु पर्छ । यतिकुरा गर्न सक्नु हुन्न भने अनि भारत भ्रमणमा किन जाने ?' उनले भने ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड १७ जेठमा भारत भ्रमणमा जाँदैछन् ।

# 'देउवालाई सभापति राखेर कांग्रेस रुपान्तरण हुँदैन'

काठमाडौं/नेपाली कांग्रेसको संस्थापन इतर पक्षका कार्यकर्ताले सभापति शेरबहादुर देउवाबाट पार्टी रुपान्तरण हुन नसक्ने बताएका छन् ।

कांग्रेस रुपान्तरणको अभियान अन्तर्गत मंगलबार काठमाडौंमा भएको कार्यक्रममा उनीहरुले कांग्रेस कमजोर हुनुमा नेतृत्व दोषी रहेको धारणा राखे । अभियानको बागमती प्रदेशस्तरीय कार्यक्रममा सिन्धुलीका कांग्रेस कार्यकर्ता कृष्णप्रसाद दाहालले पार्टी सभापति हटाउने प्रस्ताव ल्याउनुपर्ने बताए।

'शेरबहादुर देउवालाई सभापति मानेर रुपान्तरण हुँदैन । पार्टी सभापति हटाउने प्रस्ताव ल्याउनुहोस्', उनले भने।

मकवानपुरका महाधिवेशन प्रतिनिधि शंकर न्यौपानेले सभापति परिवर्तन गर्ने गरी अघि बढ्न रुपान्तरण अभियानका नेताहरुलाई सुझाव दिए। संस्थापनइतर पक्षले कांग्रेस रुपान्तरण अभियान भन्दै देशव्यापी कार्यक्रम गरिरहेका छन्। त्यसैको सिलसिलामा मंगलबार काठमाडौंमा कार्यक्रम गरेका हुन्।

अभियानमा संलग्न नेताहरुले मंगलबार बागमती प्रदेशका जिल्लाहरुबाट आएका कार्यकर्ताहरुको सुझाव लिएका छन्।

कांग्रेसको बागमती प्रदेश कार्यसमिति सदस्य तथा शिक्षक संघमा आबद्ध नर्मदा पोखरेलले नयाँ पार्टीमा कार्यकर्ता प्रवेश गरिरहेको भन्दै चिन्ता व्यक्त गरिन्। उनले भनिन्,'राष्ट्रिय स्वतन्त्र पार्टीमा कार्यकर्ता जान नदिन रुपान्तरणको अभियान वडा, क्षेत्र नगर सबै तहमा पुऱ्याऔं।'

मकवानपुर जिल्ला समिति सहसचिव इन्दिरा न्यौपानेले पनि राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा माहोल बनिरहेको भन्दै त्यसलाई रोक्न आवश्यक भएको बताइन् ।

कार्यक्रममा उपस्थित नेता कार्यकर्ताले सभापति देउवाले विधिसम्मत रुपमा पार्टी सञ्चालन नगर्दा पनि इतर पक्षका नेताहरुले प्रतिवाद गर्न नसकेको गुनासो गरेका छन् । दोलखाका कार्यकर्ता पदमराज पाठकले पार्टी रुपान्तरण अभियान केन्द्रीय कार्यालयबाट सुरु गर्नुपर्ने बताए । भ्रातृ संस्थामा समानान्तर गतिविधि गर्न उनले नेताहरुलाई सुझाव दिए । जेठको अन्तिमसम्म सञ्चालन हुने रुपान्तरण अभियानमा संस्थापनइतरका शीर्ष तहका नेताहरु भने सहभागी छैनन् । शीर्ष तहका नेताहरु अभियानमा सहभागी नहुँदा कतिपय कार्यकर्ताले असन्तुष्टि जनाएका छन् ।

# सन्दीप लामिछाने क्रिकेट टिमसँगै दक्षिण अफ्रिका नजाने



काठमाडौं / एकदिवसीय विश्वकप छनोटअघि दक्षिण अफ्रिकामा अन्तिम तयारी गर्ने नेपाल टिममा सन्दीप लामिछाने अनुपस्थित हुने भएका छन् ।

जिम्बाब्वेमा हुने एकदिवसीय विश्वकप छनोटका लागि वातानुकूलित तयारी गर्न नेपाल टिम मंगलबार राति दक्षिण अफ्रिका प्रस्थान गर्दैछ । बालिका बलात्कारको आरोपमा मुद्दा खेपिरहेका सन्दीप लामिछानेलाई अदालती प्रक्रियाका कारण दक्षिण अफ्रिका भ्रमणमा समावेश गर्न नसकेको नेपाल क्रिकेट संघ क्यानका कार्यवाहक सचिव दुर्गाराज पाठकले जानकारी दिए ।

'सन्दीप आज टिमसँग जाँदैनन् । एक साताभित्रै अदालती प्रक्रिया भएका कारण उनलाई यो भ्रमणमा राख्न सकिएन', पाठकले अदालतको प्रक्रिया नटुंगिएसम्म नेपाल टिमबाट सन्दीपको वैदेशिक भ्रमण निश्चित नभएको समेत बताए ।

विश्वकप छनोटका लागि प्रशिक्षक मोन्टी देशाईले घोषणा गरेको १६ सदस्यीय टिममा सन्दीप पनि छन् । कार्यवाहक सचिव पाठकले प्रक्रिया पूरा भएमा विश्वकप छनोट प्रतियोगितासम्म उनलाई टिममा समावेश गरिने बताए ।

काठमाडौं जिल्ला अदालतमा मंगलबार पनि सन्दीप विरुद्धको मुद्दामा सुनुवाइ भएको थियो । न्यायाधीश शंकरबहादुर राईले पीडितको तर्फबाट अन्तरिम राहतका लागि क्षतिपूर्ति माग गरी दिएको निवेदनउपर सुनुवाइ गरेपछि मात्र मूल मुद्दाको सुनुवाइ गर्ने बताएपछि रोकिएको हो । पछिल्लो केही महिनादेखि उनी विरुद्धको मुद्दा नियमित पेशीमा चढिरहे पनि अन्तिम सुनुवाइ र फैसला हुन ढिला भइर हेको छ । नेपाली टिम मंगलबार र ाति साढे २ बजे दक्षिण अफ्रिका प्रस्थान गर्नेछ । नेपाली टिमले दक्षिण अफ्रिकामा रहँदा स्थानीय टिमहरुसँग चारवटा अभ्यास खेल खेल्नेछ ।

नेपाली टिम उतैबाट जिम्बाब्वे प्रस्थान गर्नेछ । नेपालले जिम्बाब्वेमा ३० र ३२ जेठमा ओमान र यूएईसँग अभ्यास खेल खेल्नेछ । विश्वकप छनोट ३ असारदेखि सुरु हुनेछ । नेपालले पहिलो खेलमा टेष्ट मान्यताप्राप्त घरेलु टिम जिम्बाब्वेको सामना गर्नेछ । ५ असारमा अमेरिका, ७ असारमा वेष्टइण्डिज र ९ असारमा नेदरल्याण्ड्ससँग खेल्नेछ ।


के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com



"तपाई, हामी सबैको कुरा"


साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक




वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# बजेटको मुखमा भित्रिए ११०० बिजुली गाडी, कसले चुहायो कर बढ्ने सूचना ?

काठमाडौं/सरकारले विद्युतीय गाडीमा कर बढाउन लागेको अति संवेदनशील सूचना बजेटअघि नै चुहाएको खुलेको छ । सूचना चुहिएका कारण बजेट भाषणको मुखमा ११०० भन्दा बढी चारपांग्रे विद्युतीय गाडी अस्वाभाविक रुपमा नेपाल भित्रिएका छन् ।



वैशाखमा आएको असौत भन्दा बढीको बिजुली गाडीसमेत जोड्ने हो भने यो संख्या १३०० भन्दा बढी पुग्छ । राजस्व वृद्धिको सूचना चुहिंदा सरकारले करिब सोझै ९० करोड राजस्व गुमाएको देखिएको छ ।

सरकारी तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०७९/८० को १० महिना (साउन-वैशाख)सम्म जम्मा २ हजार ९५५ वटा विद्युतीय गाडी सवारी आयात भएको थियो । बजेट आउनु अघिको १५ दिनमा वीरगञ्ज, रसुवागढी, तातोपानी र भैरहवा नाकाबाट मात्र ११२१ विद्युतीय सवारी भन्सार जाँचपास भएर भित्रिएको पाइएको छ ।

१० महिनामा जति विद्युतीय गाडी आयात भएको छ, त्यसको एक एक तिहाईभन्दा बढी (३८ प्रतिशत) बिजुली गाडी बजेट अघिको दुई सातामा भन्सार जाँचपास हुनुले सूचना चुहिएको पुष्टि हुने भन्सार अधिकारीहरु नै बताउँछन् ।

भन्सार विभागको तथ्यांकअनुसार वैशाख महिनामै पनि विद्युतीय गाडीको आयात स्वभाविक दरमा भएको थिएन । सरकारले विद्युतीय गाडीमा थप कर बढाउने गृहकार्य गरिरहेको सूचना बाहिरिएपछि भन्सारहरुमा बिजुली गाडीको जाँचपास वैशाखदेखि नै बाक्लिएको थियो ।

त्यसअघि मासिक औसत २५० वटासम्म विद्युतीय गाडी आयात भइरहेकोमा वैशाखमा महिनामा ५०४ वटा सवारी भित्रिएका थिए । जेठ लागेपछि त झन विद्युतीय गाडीको भन्सार जाँचपासमा व्यवसायी यसरी तात्तिए कि भन्सार यार्डमा आएका १०० किलोवाट सम्मका सबैजसो बिजुली गाडीले सीमा पार गरे । 'भन्सार बढ्छ भनेर हल्ला भयो, महिनौं भन्सार नछुटाई राखिएका गाडी धमाधम जाँचपास भएर भित्रिए,' रसुवागढी भन्सर कार्यालयका एक अधिकारीले भने, 'हामीलाई बजेटअघि विद्युतीय गाडी जाँचपास गर्न भ्याई नभ्याई भयो ।'

### कर बढेकै गाडीको आयात अस्वाभाविक

सोमबार सार्वजनिक भएको बजेटले ५० देखि १०० किलोवाटसम्मका विद्युतीय सवारीमा भन्सार महसुललाई १० प्रतिशतबाट बढाएर १५ प्रतिशत पुर्याएको छ भने १० प्रतिशत अन्त:शुल्क पनि लाग्ने व्यवस्था गरेको छ ।

संचारकर्मीले भन्सार कार्यालयहरुबाट लिएको तथ्यांकअनुसार बितेको १५ दिनमा यही सेगमेन्टकै गाडी धेरै आयात भएको छ ।

सबभन्दा अस्वभाविक बिजुली गाडीको आयात चीनसँग रसुवागढी भन्सार नाकाबाट भएको छ । १ देखि १४ जेठसम्ममा मात्रै यो नाका भएर ८०५ वटा विद्युतीय गाडी भित्रिएका छन् ।

यो नाका भएर आएका सबै विद्युतीय गाडीचिनियाँ ब्रान्डका आएका छन् र अधिकतम् संख्या बजेटले कर बढाएका सेगमेन्टमै हुन् । एमजी मोटर्सले मात्रै १५ दिनमै ५२४ वटा 'जेडएस-ईभी' भित्र्याएको छ । एमजीले यो अवधिमा रसुवागढीबाट भित्र्याएको सबै गाडी कर बढेकै सेगमेन्टका हुन् ।

यही १४ दिनमा साइमेक्स नेपालले बीवाईडी ब्रान्डका १६१ गाडी भित्र्एको छ । त्यसमध्ये १६० वटा गाडी ५० देखि एकसय किलोवाट क्षमताका हुन् । रसुवागाढी भन्सार नाकाबाट १ जेठ यता बीवाईको 'ई ६' ४० वटा, एटो-थ्री १२० वटा र डल्फिन १ वटा आयात भएको छ ।

यो नाकाबाट जेठ लागेगता 'नेटा भी' १२० वटा आयात भएको छ । यो पनि कर बढेकै रेन्जको हो ।

वीरगञ्ज भन्सार कार्यालयबाट पनि जेठ लागेयता १०५ वटा विद्युतीय गाडी भित्रिएका छन् । जसमा ९१ वटा गाडी अहिले भन्सार र अन्त:शुल्क बढेकै ५० देखि १०० किलोवाट रेन्जका हुन् ।

अरु १४ वटा गाडीमात्रै १०० देखि २०० किलोवाट रेन्जका थिए । भैरहवा भन्सारबाट २ सय ११ वटा विद्युतीय गाडी भित्रिएका छन् । तीमध्ये पनि अधिकांश गाडी बजेटले कर वृद्धि गरेकै समूहका छन् ।

वैशाखसम्म आयात भएका साढे २९ सय बिजुली गाडीमध्ये २ हजार ८८२ वटा गाडी १०० किलोवाटसम्मका थिए । वैशाखसम्म ८ अर्ब ४१ करोड मूल्यका बिजुली गाडी आयात हुँदा २ अर्ब ८ करोड बराबरको भन्सार राजस्व असुल भएको थियो ।

भन्सार विभागको तथ्यांक केलाउँदा १०० किलोवाटसम्मका प्रति विद्युतीय गाडी औसत २८ लाख ११ हजार रुपैयाँ मूल्यमा नेपाल भित्रिने गरेको छ । जसमा सरकारले औसत ६ लाख रुपैयाँ भन्सार राजस्व असुल गर्छ । सरकारले बजेटमार्फत भन्सार महसुल र अन्तशुल्क बढाएअनुसार अब यस्तो भन्सार प्रतिगाडी औसत १४ लाख ८ हजार सम्म पुग्ने देखिन्छ ।

यसअनुसार वैशाखबाटै भएको विद्युतीय गाडीको औसतभन्दा बढीको आयात दरलाई आधार मान्दा करिब १३ सय बिजुली गाडी कर वृद्धिको सूचना चुहावाटका कारण हतार-हतार भित्र्याइएको देखिन्छ । सूचना नचुहाएको भए सरकारले थप करिब ९० करोड राजस्व यिनै गाडीहरुबाट प्राप्त गर्न सक्ने अनुमान छ ।

भन्सार विभागका प्रवक्ता तथा निर्देशक पुण्यविक्रम खड्का बैंकहरुले गाडीलाई गर्ने लगानी सहज भएपछि व्यवसायीहरुले बजारमा माग बढ्ने अनुमानका आधारमा पछिल्ला दिनमा धेरै गाडी भित्र्याएको हुनसक्ने बताउँछन् ।

भन्सारको काम नै व्यवसायीले ल्याएका मालवस्तुको जाँचपास गर्नु भएको भन्दै त्यसलाई कुनै आशंका गरेर रोक्न नमिल्ने उनले बताए । 'राजस्वको चाप छ, भन्सार राजस्वको लक्ष्य र असुलीका २ खर्बको अन्तर छ, यस्तो अवस्थामा हामीले भन्सार यार्डमा गाडी थुपार्नु भएन, छिटो भन्सार यार्ड खाली गरिदिनपर्यो भनेर व्यवसायीलाई भनेका थियौं', खड्का भन्छन्, 'स्वाभाविक रुपमा नै भन्सारबाट गाडी जाँचपास भएको हामीले देखेका छौं, यसमा आशंका गर्नुपर्ने देखेका छैनौं ।'

*(स्रोत: अनलाइनखबर)*

# विश्व वातावरण दिवस साप्ताहिक कार्यक्रम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १६ जेठ/विश्व वातावरण दिवस-२०८० को सप्ताहव्यापी कार्यक्रमको मंगलबार पहिलो दिन राप्ति खोला विशेष सर सफाई कार्यक्रम गर्दै सुरु भएको छ । टोल विकास संस्था नगरसमन्वय समिति हेटौंडा उपमहानगरपालिकाको आयोजनामा सरसफाई कार्यक्रम भएको हो ।



कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामा, हेटौंडा उपमहानगरपालिका वडा नम्बर १० का वडाअध्यक्ष फूर्वा लामा, हेटौंडा उपमहानगरपालिका सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, वातावरण शाखाप्रमुख चन्दा खड्का, डिभिजन वन कार्यालयका प्रमुख बिष्णु आचार्य, सहायक वन अधिकृतहरु, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईं लगायतको सहभागिता रहेको थियो ।

नगर समन्वय समितिका अध्यक्ष ध्रुव अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा समावसेवी, कर्मचारी, सुरक्षकर्मी, वातावरणप्रेमी स्थानीयको सहभागिता रहेको थियो । टोल विकास संस्थाका प्रतिनिधि, सामुदायिक प्रहरी सेवाकेन्द्रका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय मकवानपुरको टोली लगायतको सहभागी थिए । कार्यक्रममा ३ सय ५० जना भन्दा बढीले राप्ती खोलामा रहेका फोहर संकलन गरेको टोल विकास नगर समन्वय समितिले जनाएको छ ।

# प्रधानमन्त्रीको भारत भ्रमणको तयारी पूरा, दिल्ली दूतावासलाई चटारो

काठमाडौं/प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को छिमेकी देश भारत भ्रमणको तयारी पूरा भएको छ । प्रधानमन्त्रीको बुधबारदेखि हुने चार दिने भारत भ्रमणको भारतीय र नेपाली पक्ष दुबैबाट गर्नुपर्ने आवश्यक तयारी लगभग पूरा भएको भारतस्थित नेपाली दूतावासले जनाएको छ ।



प्रधानमन्त्रीको भारत भ्रमण चुस्त दुरुस्त बनाउन कुनै कसर नराखिएको नेपाली दूतावासको भनाइ छ । दूतावासका अनुसार बुधबार अपराह्न प्रधानमन्त्री प्रचण्ड सरकारी प्रतिनिधिमण्डलको नेतृत्व गर्दै नयाँ दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने कार्यक्रम छ ।

काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दिउँसो १ बजेर ३० मिनेटमा नेपाल एयर लाइन्सको विमानमार्फत नयाँ दिल्ली प्रस्थान गर्ने प्रचण्ड स्थानीय समय अनुसार २ बजेर ५५ मिनेटमा इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने तय भएको छ । प्रधानमन्त्रीको दिल्ली यात्राका लागि नेपाल एयरलाइन्सको विमान प्रयोग गर्न लागिएको हो ।

प्रधानमन्त्री प्रचण्डको उच्चस्तरीय भेटवार्ता भने बिहीबार देखि मात्रै सुरु हुने नयाँ दिल्लीस्थित नेपाली राजदूत डा शंकर शर्माले जानकारी दिए । सो दिन भारतीय राष्ट्रपति द्रौपदी मुर्मु, भारतीय समकक्षी नरेन्द्र मोदी, विदेशसचिव एस जयशंकरलगायतसँग भेटवार्ता हुने तय भएको छ । प्रधानमन्त्रीलाई हैदरावाद हाउसमा विशेष समारोहका बीच प्रधानमन्त्री मोदीले स्वागत गर्ने कार्यक्रम रहेको छ । यस्तै उनले भारतीय बुद्धिजीवी र दलका नेतासँग पनि भेटवार्ता गर्नेछन् ।

त्यसअघि बुधबार भने प्रधानमन्त्री नेपाली समुदायले आयोजना गर्ने कार्यक्रममा सहभागी हुनेछन् । यस्तै दूतावासले प्रधानमन्त्रीसहितको प्रतिनिधिमण्डलको सम्मानमा आयोजना गर्ने रात्रिभोजमा सहभागी हुनेछन् । यस्तै त्यहाँ सम्बोधन पनि गर्ने कार्यक्रम रहेको छ ।

### ऊर्जा व्यापार प्राथमिकतामा

प्रधानमन्त्रीको यस पटकको भारत भ्रमण ऊर्जा व्यापारका विषयमा केन्द्रित हुने भएको छ । सँगसँगै सीमा सुरक्षा र अन्तरदेशीय व्यापारका विषय पनि उठाइने छ ।

जसअनुसार तल्लो अरुण जलविद्युत आयोजनाको परियोजना विकास सम्झौता (पीडीए) गर्ने सर कारले लगानी बोर्डमार्फत निर्णय गरि सकेको छ । सोही निर्णयअनुसार प्रधानमन्त्रीले भारत भ्रमणका क्रममा ६६९ मेगावाटको आयोजनाको पीडीए गर्ने सम्झौतालाई कार्यान्वयन गर्नेछन् ।

यस्तै ४८० मेगावाट क्षमताको फुकोट कर्णाली जलविद्युत आयोजनालाई पनि प्राथमिकतामा राखिएको छ । यस्तै प्रशारणलाइन विस्तार, नेपालको विद्युत् बजार बंगलादेशसम्मलगायतका विषयमा पनि छलफल र आवश्यक समझदारी गर्ने तयारी छ ।

यसैगरी भारतदेखि नेपालसम्म पेट्रोलियम पाइपलाइन विस्तार, व्यापार अभिवृद्धि जस्ता विषय पनि प्रचण्डको भारत भ्रमणका क्रममा उठाइने छ । जसअनुसार नेपालमा उत्पादित कृषि उत्पादनलाई भारतीय बजारसम्म पहुँच स्थापना गर्ने विषयमा भ्रमणमा प्रमुखताका साथ उठाउने प्रचण्डको तयारी छ ।

मंगलबार प्रचण्डको भारत भ्रमणबारे जानकारी दिन काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा परराष्ट्रमन्त्री एनपी साउदले सिमरा, महेन्द्रनगर, नेपालगन्ज, भैरहवा नाकाको स्तरोन्नति गर्न भारतसँग सहयोग माग्ने समेत बताएका थिए । रक्सौल–वीरगञ्ज–सिमरा नाका धेरै व्यस्त हुने भएकाले यस मार्गको विकल्पमा अर्को मार्गसहितको नयाँ नाकाका बारेमा भारत सरकारसँग सम्भाव्य स्थानहरूको बारेमा छलफल गर्ने उनको भनाइ थियो ।

नेपाल-भारतका बीचमा धेरै मुद्दा भए पनि सिमानाको विषयलाई लिएर भएका घटनाका बारेमा पनि प्रधानमन्त्रीले समकक्षी मोदीसँग छलफल गर्ने साउदको भनाइ थियो । साथसाथै खुला सिमाना र आतंकवाद न्यूनीकरणका विषयमा पनि प्रधानमन्त्रीस्तरमा विचार विमर्श हुनेछ ।

प्रधानमन्त्रीको भ्रमणमा परराष्ट्रमन्त्री साउदसहित अर्थमन्त्री प्रकाशशरण महत, ऊर्जामन्त्री शक्तिबहादुर बस्नेत, भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री र मेश रिजाल सहभागी बन्नेछन् ।

यस्तै नेपाल सरकारकारका सचिवहरू, व्यापारिक क्षेत्र, सञ्चार कर्मीलगायत भ्रमण टोलीमा छन् ।

### चटारोका बीच दिल्ली दूतावास चिटिक्क

प्रधानमन्त्रीको भारत भ्रमणले दूतावासका कर्मचारीलाई चटारो छ । भ्रमण टोलीको व्यवस्थापनदेखि अन्य आवश्यक तयारीले रातिसम्म पनि खटिइएको दूतावासका एक अधिकारीले बताए ।

ती अधिकारीका अनुसार कतिपय प्राविधिक विषय अझै मिलाउनुपर्ने भएकाले व्यस्तता बढेको छ । प्रधानमन्त्री आउने भएपछि बाह्रखम्बा स्थित दूतावासको भित्री भवनहरू झिलिमिली बनाइएको छ ।

प्रधानमन्त्रीको रूपमा चौथो पटक भारत भ्रमणमा आउने प्रचण्ड मध्यप्रदेशस्थित उज्जैनको भ्रमणमा समेत जाने कार्यक्रम छ । प्रचण्डको पछिल्लो भ्रमणले सदियौंदेखिको नेपाल भारतबीचको बहुआयामिक सम्बन्ध थप प्रगाढ बन्ने विश्वास लिइएको छ ।

गत पुस १० मा प्रधानमन्त्री बनेका प्रचण्डले यसअघि नै भारतको भ्रमण गर्ने भनिए पनि गठबन्धनमा खटपट, उपनिर्वाचन लगायतका कारणले पर धकेलिँदै आएको थियो । प्रधानमन्त्री प्रचण्ड आफ्नो ४ दिने भ्रमण सकेर शनिबार फिर्ता हुनेछन् ।

## प्रदेशले पायो १ खर्ब ५ अर्ब अनुदान :

# कर्णालीलाई धेरै, मधेशलाई थोरै

काठमाडौं/सरकारले आर्थिक वर्ष २०८०/८१ मा सात प्रदेशमा १ खर्ब ५ अर्ब ६ करोड ६८ लाख रुपैयाँ अनुदान पठाउने भएको छ ।

बजेटको अन्तर सरकारी वित्तीय हस्तान्तरण पुस्तिका अनुसार सबैभन्दा धेरै अनुदान कर्णाली प्रदेशले पाएको छ । संघीय सरकारले समानीकरण, सशर्त, विशेष र समपूरक गरी चार शीर्षकमा प्रदेशमा अनुदान पठाउने गरेको छ ।

प्रदेशले पाएको अनुदान चालु आर्थिक वर्ष २०७९/०८० को भन्दा २४ अर्ब ३९ करोड रुपैयाँ कम हो । उक्त पुस्तिकामा उल्लेख भए अनुसार कर्णाली प्रदेशले १६ अर्ब २७ करोड ३९ लाख रुपैयाँ अनुदान पाएको छ । जसमध्ये ११ अर्ब ८८ करोड १७ लाख चालुतर्फ र ४ अर्ब ३९ करोड २२ लाख रुपैयाँ पुँजीगततर्फको अनुदान छ ।

कर्णालीले समानीकरण अनुदान १० अर्ब १६ करोड ४१ लाख, सशर्त अनुदान ४ अर्ब ७५ करोड ३ लाख, विशेष अनुदान ५९ करोड ७९ लाख र समपूरक अनुदान ७६ करोड १६ लाख रुपैयाँ पाएको छ ।

त्यस्तै कोशी प्रदेशले १६ अर्ब ११ करोड ७० लाख रुपैयाँ पाएको छ । जसमध्ये चालुतर्फ १० अर्ब ९१ करोड १८ लाख र पुँजीगततर्फ ५ अर्ब २० करोड ५२ लाख रहेको छ । कोशीले समानीकरण अनुदान ८ अर्ब ७८ करोड ३८ लाख, सशर्त अनुदान ५ अर्ब ८४ करोड ३२ लाख, विशेष अनुदान ७६ करोड, र समपूरक अनुदान ७३ करोड रुपैयाँ पाएको छ ।

बागमती प्रदेशले संघीय सरकारबाट १५ अर्ब ८१ करोड २३ लाख अनुदान पाएको छ । बागमतीले चालुतर्फ १० अर्ब ७१ करोड ५९ लाख र पुँजीगततर्फ ५ अर्ब ९ करोड ६४ लाख रुपैयाँ अनुदान पाएको छ । बागमतीले समानीकरण अनुदान ८ अर्ब १ करोड ३५ लाख, सशर्त अनुदान ५ अर्ब ७६ करोड ८८ लाख, विशेष अनुदान ७३ करोड र समपूरक अनुदान १ अर्ब ३० करोड रुपैयाँ रहेको छ । सात प्रदेशमध्ये समपूरक अनुदान सबैभन्दा बढी बागमती प्रदेशले पाएको छ ।

गत वर्ष सबैभन्दा धेरै बागमती प्रदेशले २० अर्ब ३२ करोड ६६ लाख अनुदान पाएको थियो । बागमतीको अनुदान आगामी वर्षका लागि करिब ४ अर्ब रुपैयाँले घटेको छ ।

लुम्बिनी प्रदेशले १५ अर्ब ३८ करोड ४२ लाख रुपैयाँ अनुदान पाएकामा १० अर्ब ६५ करोड २६१ लाख चालुतर्फ र ४ अर्ब ७३ करोड २१ लाख पुँजीगततर्फको रहेको छ । अनुदानमध्ये समानीकरण अनुदान ८ अर्ब १४ करोड ८३ लाख, सशर्त अनुदान ५ अर्ब ८३ करोड ५९ लाख, विशेष अनुदान ७ करोड र समपूरक अनुदान ८४ करोड रुपैयाँ रहेको छ ।

सुदूरपश्चिम प्रदेशले १४ अर्ब ४२ करोड १९ लाख रुपैयाँ अनुदान पाएको छ । जसमध्ये १० अर्ब ४२ करोड ९४ लाख चालुतर्फ र ३ अर्ब ९९ करोड २५ लाख रुपैयाँ पुँजीगततर्फको अनुदान छ । सुदूर पश्चिमले समानीकरण अनुदान ८ अर्ब ५२ करोड ३ लाख, सशर्त अनुदान ४ अर्ब ५१ करोड १६ लाख, विशेष अनुदान ६२ करोड र समपूरक अनुदान ७७ करोड रुपैयाँ पाएको छ ।

गण्डकी प्रदेशले पाएको १३ अर्ब ६० करोड ४० लाख अनुदानमध्ये ९ अर्ब ४३ करोड १८ लाख चालुतर्फ र ४ अर्ब १७ करोड २२ लाख रुपैयाँ पुँजीगततर्फ रहेको छ । यो प्रदेशले समानीकरण अनुदान ७ अर्ब ६२ करोड २५ लाख, सशर्त अनुदान ४ अर्ब ४४ करोड १५ लाख, विशेष अनुदान ७० करोड र समपूरक अनुदान ८४ करोड रुपैयाँ पाएको छ ।

सबैभन्दा कम अनुदान पाएको मधेश प्रदेशले १३ अर्ब ४५ करोड ३५ लाख रुपैयाँ पाएको छ । जसमध्ये ९ अर्ब ५६ करोड २६ लाख चालुतर्फ र ३ अर्ब ८९ करोड ९ लाख पुँजीगततर्फ रहेको छ । मधेशले पाएको कुल अनुदान कर्णालीले पाएभन्दा २ अर्ब ८२ करोड कम हो । मधेशले समानीकरण अनुदान ७ अर्ब ४१ करोड, सशर्त अनुदान ४ अर्ब ५६ करोड ८५ लाख, विशेष अनुदान ४९ करोड र समपूरक अनुदान ९८ करोड रुपैयाँ पाएको छ ।

# सूर्यमुखी, सोयाबिन र पाम तेलसहित तोरीको आयात सहुलियत खारेज

काठमाडौं/सरकारले तेस्रो देशबाट नेपाल आयात हुने सूर्यमुखी तेल, पाम, सोयाबिन र तोरीको गेडा तथा कच्चा पदार्थमा दिँदै आएको सहुलियत कटौती गरेको छ । बजेटले घोषणा गरेको नयाँ भन्सार महसुलअनुसार अब यी वस्तुको आयातमा साबिकको ५ र १० प्रतिशत महसुल लाग्ने छ ।



रुस-युक्रेन युद्धका कारण नेपाली तेल उद्योगहरु मर्कामा परेको भन्दै गत वर्ष तत्कालीन अर्थमन्त्री जर्नादन शर्माले ५० देखि ९० प्रतिशतसम्म महसुल छुट दिएका थिए ।

जसअनुसार सूर्यमुखी तेलको कच्चा पदार्थ, भटमास र पाममा १० प्रतिशत लाग्ने महसुल १ प्रतिशतमा ल्याइएको थियो भने तोरीको तेलको कच्चा पदार्थ र तोरीको गेडामा भन्सार ५ प्रतिशतबाट ९० प्रतिशत छुट दिएर ५० पैसामा सीमित गरिएको थियो ।

निर्वाचनको मुखैमा उपभोक्ता र बजार मूल्यमा खासै फाइदा नगरेको उक्त छुट घोषणाप्रति तत्कालीन अर्थमन्त्री शर्माको आलोचना समेत भएको थियो । तर, सरकारले यस पटक उक्त छुटलाई खारेज गरेर पुरानै अवस्थामा पुर्याएको छ ।

अब सूर्यमुखी तेलको कच्चा पदार्थ, भटमास र पामको कच्चा पदार्थ आयातमा १० प्रतिशत महसुल लाग्ने छ भने तोरीको तेलको कच्चा पदार्थ र तोरीको गेडा आयातमा ५ प्रतिशत नै भन्सार महसुल लाग्ने छ ।

तेलमा दिइँदै आइएको सहुलियत नयाँ बजेटसँगै हटेको अर्थ मन्त्रालयले जनाएको छ । 'सहुलियत दियौं तर यसको फाइदा जनताले पाए पाएनन् भन्नेमा निश्चित भएनौं,' स्रोतले भन्यो, 'यसबाट उद्योगले एक वर्षमा राम्रै सहुलियत लिए अब त्यो कार्यक्रम सकियो ।'

सरकारले बजेटमार्फत गरेको व्यवस्थाप्रति नेपाल वनस्पति घिउ तेल उत्पादक संघले आपत्ति जनाएको छ ।

संघका अध्यक्ष सन्दीप अग्रवालले तेल उद्योगले अर्थतन्त्रमा पुर्याएको योगदानमा असर पर्नेगरी भन्सार दरको व्यवस्था भएको भन्दै सच्याउन माग गरेका छन् ।

# रेशम चौधरीको आममाफीविरुद्ध सर्वोच्च अदालतमा रिट

काठमाडौं/रेशम चौधरीलाई आममाफी दिने सरकारको निर्णय विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ । शारदा कडायतले चौधरीलाई आममाफी दिने निर्णयविरुद्ध दुई दिनअघि पेश गरेको रिट मंगलबार दर्ता भएको हो ।

उनले राष्ट्रपति कार्यालय, मन्त्रिपरिषद, गृह मन्त्रालय र रेशम चौधरीलाई विपक्षी बनाएकी छन् । रिटमाथि बुधबार पेशी तोकिएको छ ।

कडायत २०७२ भदौमा कैलालीको टीकापुरमा भएको हिंसात्मक घटनामा मारिएका इन्स्पेक्टर केशव बोहराकी पत्नी हुन् । उनले रेशम चौधरीलाई आममाफी दिने प्रक्रिया अघि बढेपछि राष्ट्रपति कार्यालयमा समेत निवेदन दिएकी थिइन् ।

चौधरी विरुद्धको मुद्दामा सर्वोच्च अदालतले उच्च अदालत डोटीले नै सुनाएको जन्मकैदको फैसला सदर गरे पनि फैसलाको पूर्णपाठ तयार नभएको अवस्थामा क्रूरतापूर्वक हत्या भएको घटनामा आममाफी दिनु गलत हुने उनको दाबी छ ।

उनले राष्ट्रपतिको निर्णय खारेज गरेर रेशम चौधरीलाई पूरै कैद भुक्तान गराउन आदेश हुनुपर्ने माग गरेकी छन् ।







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना